६.२ अन्तर्राष्ट्रिय हवाई भाडाः अन्तर्राष्ट्रिय हवाई भाडा निगमले आई. ए. टी. ए. (इन्टरनेशनल एयर ट्रान्सपोर्ट एशोसिएशन) ले प्रचलनमा ल्याएको सिद्धान्त, सरकारी सम्झौता र दुई ध्वजावाहक कम्पनीहरूबीच भएको हवाई सम्झौतालाई समेत विचार गरी श्री ५ को सरकारको पूर्व स्वीकृति लिई संचालक समितिले तोकेबमोजिम हुनेछ ।

६.३ अन्य भाडाः प्रमोशनल हवाई भाडा, निगमले विमान चार्टरमा लिने भाडा, निगमको विमान चार्टरमा दिने भाडा, एजेन्सी कमिशन आदि श्री ५ को सरकार-को पूर्व स्वीकृति लिई संचालक समितिले तोकेबमोजिम हुनेछ ।

परिच्छेद–७

बजेट, खर्च तथा लेखासम्बन्धी व्यवस्था

७.१ निगमको बजेट, खर्च तथा लेखासम्बन्धी व्यवस्थाः निगमको बजेट तर्जुमा र स्वीकृति, बजेट रकमको निकासा तथा रकमान्तर, खर्च गर्ने अधिकार, कर्तव्य र उत्तरदायित्व, खाता संचालन, पेस्की तथा पेस्की फछर्यौट, लेखा, आन्तरिक लेखा परीक्षण, बेरूजू फछर्यौट आदिसम्बन्धी व्यवस्था ऐनको दफा २७ क अन्तर्गत बनेको विनियममा तोकिएबमोजिम हुनेछ ।

आज्ञाले,
वीरेन्द्रनाथ खुंजेली
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी फेमिली प्लानिङ्ग इन्टरनेशनल एसिष्टेन्स नामक अमेरिकी संस्थाले नेपाल भूतपूर्व सैनिक संगठनद्वारा संचालित परिवार नियोजन परियोजनाको निमित्त उपहारस्वरूप प्रदान गरेको अमेरिकी डलर २४६।८० बराबरको प्रचार प्रसारको शैक्षिक सामग्रीको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२